# श्रम आप्रवासन नीति, २०८१

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं

**विज्ञ समिति**

डा. गणेश गुरुङ : संयोजक
डा. अमृता शर्मा : सदस्य
डा. केशव बस्याल : सदस्य
जुना माथेमा : सदस्य
मञ्जु गुरुङ : सदस्य
दीपक ढकाल : सदस्य-सचिव (२०८१/०२/२२ सम्म)

**नीति अनुसन्धान टिम**

चिरञ्जीवी बराल
युवराज नेपाल

## विषयसूची

१. पृष्ठभूमि ........ १

२. विगतका प्रयास ........ २

३. वर्तमान स्थिति ........ २

क. समस्या ........ २

ख. चुनौती ........ ३

ग. अवसर ........ ४

४. नीतिको औचित्य ........ ४

५. नीति निर्माणका मार्गदर्शक सिद्धान्त तथा आधारहरू ........ ५

६. दूरदृष्टि ........ ५

७. लक्ष्य ........ ५

८. उद्देश्य ........ ५

९. नीति, रणनीति र कार्यनीति ........ ६

१०. संस्थागत व्यवस्था ........ १३

११. नीतिको पुनरावलोकन तथा संशोधन ........ १३

१२. नीति कार्यान्वयन कार्ययोजना ........ १३

१३. सम्भावित जोखिम न्यूनीकरण योजना ........ १४

१४. खारेजी र बचाउ ........ १४

## १. पृष्ठभूमि

विश्वव्यापीकरणले गर्दा संसार एउटा गाउँजस्तो बन्दै गएको छ । विज्ञान र प्रविधिका क्षेत्रमा भएको विकासले यसको आयाममा थप टेवा पुर्याएको छ भने विश्व बजारमा रोजगारीका अवसरहरू परिवर्तन हुँदै र फैलँदै गएका छन् । सोहीअनुरूप मानिसका आवश्यकता, इच्छा र आकांक्षा पनि बढ्दै गएका छन् । यसबाट रोजगारीको खोजीका लागि मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जाने क्रम बढेको छ भने आकर्षक र मर्यादित रोजगारीको खोजीमा विदेश जाने प्रवृत्ति नेपालीका लागि सामान्यजस्तै भएको छ । बिसौं शताब्दीको अन्त्यतिर अन्तर्राष्ट्रिय श्रम बजारमा श्रमिकको माग बढ्न थालेपछि श्रमिकको अभाव पूर्ति गर्न अन्य देशहरूबाट श्रमिक लैजाने क्रममा नेपालीले पनि यसलाई अवसरको रूपमा उपयोग गर्दै आएका छन् ।

वि. सं. २०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६ हजार ५ सय ७८ छ । जनगणना अनुसार नेपालमा बसाइँ सरेका ४४ लाखभन्दा बढी मानिसमध्ये २२ लाख ७२ हजार २ सय ३६ ले देशभित्रै एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सरेका छन् भने २१ लाख ९० हजार ५ सय ९२ जना देशबाहिर (८२ प्रतिशत पुरुष र १८ प्रतिशत महिला) गएका छन् ।[१] विदेशमा रहेका मध्ये खाडी मुलुकमा करिब ३७ प्रतिशत र भारतमा ३४ प्रतिशत छन् । नेपालको बेरोजगारी दर ११.४ प्रतिशत छ भने महिलाको बेरोजगारी दर १३.१ प्रतिशत छ । त्यसै गरी पुरुषको श्रमशक्ति सहभागिता दर ५३.८ प्रतिशत छ भने महिलाको जम्मा २६.३ प्रतिशत छ ।[२]

श्रम आप्रवासन प्रतिवेदन २०२२ का अनुसार आ. व. २०६५/६६ देखि २०७८/७९ सम्म नयाँ श्रम स्वीकृति लिनेको संख्या ४७ लाखभन्दा बढी रहेको छ भने आ. व. २०६८/६९ देखि २०७८/७९ सम्म श्रम स्वीकृति नवीकरण गर्नेको संख्या १८ लाख भन्दा बढी छ ।[३] आ. व. २०७९/०८० मा संस्थागत, नयाँ व्यक्तिगत र पुनः गरी जम्मा ७ लाख ७१ हजार ३ सय २७ जनाले[४] श्रम स्वीकृति लिएका थिए भने आ. व. २०८०/०८१ मा नयाँ र पुनः गरी ७ लाख ४१ हजार २ सय ९७ जनाले श्रम स्वीकृति लिएका छन्, जसमा महिलाको संख्या ८० हजार १ सय ७२ रहेको छ ।[५] नेपाल सरकारले संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशका लागि श्रम आप्रवासन खुला गरेको छ । नेपालीहरूका प्रमुख श्रम गन्तव्य मुलुकहरू मलेसिया र खाडीका कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमन हुन् । यद्यपि, पछिल्लो समय रोमानिया, क्रोएसिया, साइप्रस, माल्दिभ्स, बेलायत, पोल्याण्ड, माल्टा, टर्की, सिसेल्स, अल्बानियाजस्ता देशहरूमा जाने श्रमिकहरूको संख्या पनि उल्लेख्य रूपमा बढिरहेको छ ।[६] अर्कोतर्फ, गन्तव्य मुलुकका रूपमा नेपालमा छिमेकी देश भारतलगायत अन्य देशहरूबाट समेत उल्लेख्य संख्यामा श्रमिकहरू रोजगारीमा संलग्न रहेका छन् । अर्कोतर्फ, श्रम आप्रवासनमा छिमेकी देशलगायत अन्य देशहरूबाट समेत उल्लेख्य संख्यामा श्रमिकहरू नेपालमा आई रोजगारीमा संलग्न छन् । श्रम आप्रवासनमा गएकाहरूले पठाएको विप्रेषण नेपालको अर्थतन्त्रको प्रमुख मेरुदण्ड बनेको छ । आ. व. २०७९/८० मा मात्रै विप्रेषण आप्रवाह रु. १२ खर्ब २० अर्ब ५६ करोड पुगेको छ ।[७]

---

[१] राष्ट्रिय तथ्यांक कार्यालय (२०२३), *National Population and Housing Census, 2021: National Report* [राष्ट्रिय जनगणना २०७८ को राष्ट्रिय प्रतिवेदन], राष्ट्रिय तथ्यांक कार्यालय, थापाथली, काठमाडौं ।

[२] केन्द्रीय तथ्यांक विभाग (२०७५), नेपाल श्रमशक्ति सर्वेक्षण प्रतिवेदन २०१७/१८, केन्द्रीय तथ्यांक विभाग, काठमाडौं । https://api.giwms.gov.np/storage/36/posts/1692627226_64.pdf

[३] श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (२०२२), *Nepal Labour Migration Report 2022* [नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२], श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

[४] श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वार्षिक प्रतिवेदन २०७९/८० ।

[५] वैदेशिक रोजगार विभागको वार्षिक श्रम स्वीकृति विवरण २०८०-२०८१ । https://dofe.gov.np/yearly.aspx

[६] नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२२ ।

[७] नेपाल राष्ट्र बैंक (२०८०), देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति : आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्यांकमा आधारित, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं । https://www.nrb.org.np/contents/uploads/2023/08/Current-Macroeconomic-and-Financial-Situation-Nepali-Based-on-Annual-data-of-2079.80-4.pdf

२. विगतका प्रयास

श्रम आप्रवासनलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने एवम् श्रम आप्रवासनमा सुशासन कायम गर्ने जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहत निकायमा रहेको छ । सोही अनुरुप श्रम, रोजगार तथा सामाजिक मन्त्रालयले श्रम आप्रवासन सम्बन्धी नीति, ऐन, कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्डहरू निर्माण गर्दै आएको छ । श्रम आप्रवासनसँग सम्बन्धित क्षेत्रको व्यवस्थापन तथा नियमन गर्न मन्त्रालय मातहत वैदेशिक रोजगार विभाग क्रियाशील रहेको छ । सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी सूचना दिन, सीप विकास तथा अभिमुखीकरण तालिमका लागि वैदेशिक रोजगार बोर्ड रहेको छ ।श्रम आप्रवासनका क्रममा ठगीमा परेका पीडितलाई न्याय सम्पादन गर्न वैदेशिक रोजगार न्यायाधीकरण छ । यसैगरी, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानहरू, परराष्ट्र मन्त्रालय र मातहतका कुटनितिक नियोगहरू, अध्यागमन विभाग लगायतका निकायले बिभिन्न तहमा श्रम आप्रवासनलाई व्यवस्थित गर्न भूमिका निर्वाह गरेका छन् ।

नेपाली श्रमिकहरू रोजगारीका लागि अन्य देश जान थालेको लामो समय भएता पनि वैदेशिक रोजगार ऐन २०४२ जारी भएपछि मात्रै नेपालमा श्रम आप्रवासनको संरचनागत नियमन सुरु भएको हो । समयक्रमसँगै नवीन चुनौतीहरू थपिँदै गएका कारण उक्त ऐनलाई समयानुकूल परिमार्जन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउन वि. सं. २०६४ मा वैदेशिक रोजगार ऐन, २०६४ जारी भएको हो ।[८] सो ऐनसँगै वैदेशिक रोजगार नियमावली, २०६४ जारी गरियो भने त्यसको चार वर्षपछि वैदेशिक रोजगार नीति, २०६८ जारी भयो । त्यसैगरी, वैदिशक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ पनि जारी गरिएको छ । श्रम आप्रवासन प्रकियालाई व्यवस्थित गर्न वि. सं. २०७५ सालदेखि नेपाल सरकारले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) नामक डिजिटल प्लेटफर्मको प्रयोग गर्दै आएको छ । श्रम स्वीकृतिसम्बन्धी सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरी प्रदेशस्थित श्रम तथा रोजगार कार्यालयबाट सबै प्रकारका श्रमस्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।[९] श्रम आप्रवासनमा जाने नेपालीहरूलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन थालिएको छ ।

नेपालले कतार, जोर्डन, बेलायत, इजरायल, संयुक्त अरब इमिरेट्स, मौरिसस, जापान, मलेसिया, बहराइन, गणतन्त्र कोरिया, जर्मनी र रोमानिया गरी १२ वटा श्रम गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गरेको छ । नेपालले श्रम आप्रवासनसम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्धी समझदारीहरूमा पक्ष राष्ट्र भई श्रम आप्रवासनलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने प्रतिबद्वता व्यक्त गरेको छ ।

३. वर्तमान स्थिति

## क. समस्या

वर्षेनी श्रम बजारमा आउने श्रमशक्तिका लागि आन्तरिक रोजगारी आकर्षक नभएका कारण युवाहरू विदेशिने क्रम यथावत छ । श्रम आप्रवासनमा अवसर र उपलब्धि प्राप्ति सँगसँगै श्रम आप्रवासनलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नेपाल सरकारबाट निरन्तर भइरहेका प्रयासका बाबजुद पनि समस्या तथा चुनौती अझै ज्वलन्त देखिएका छन् । श्रम बजारको माग र आवश्यकता अनुसार सीपयुक्त तथा दक्ष श्रमिक उत्पादनमा तादात्म्यता भएको छैन । श्रम आप्रवासनमा जाने अधिकांश श्रमिकहरूमा शिक्षा र सीपको स्तर कम भएकोले जोखिमयुक्त काममा संलग्न हुनुपरेका कारण रोजगारी अपेक्षित रूपमा आकर्षक, मर्यादित र सुरक्षित हुन नसकेको, वैदेशिक रोजगारीमा जाने सोच बनाएकै दिनदेखि कुनै न कुनै चरणमा श्रमिकहरू ठगिएको वा ठगिने जोखिममा रहेको, रोजगारदातासँगको सम्झौता अनुसारको काम, सुविधा र सुरक्षा नपाएको र गन्तव्य मुलुकको भाषा, संस्कृति तथा न्यूनतम कानुनी ज्ञान नहुँदा अनपेक्षित झमेला

[८] वैदेशिक रोजगार नीति २०६८ ।

[९] श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वार्षिक प्रतिवेदन २०७९/८० ।

व्यहोर्नुपरेको छ । कतिपय आप्रवासी श्रमिकहरू मानव बेचबिखनको चपेटामा पर्ने गरेका छन् भने महिला श्रमिकउपर विविध किसिमका हिंसा तथा शोषण हुने गरेका छन् । आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार तथा श्रमिकका हक अधिकारको क्षेत्रमा देखिएका समस्याहरूलाई पूर्ण रूपमा समाधान गर्न सकिएको छैन । श्रम आप्रवासनमा जानुभन्दा पहिला पर्याप्त पूर्वतयारी हुन नसक्दा विदेशमा रहेको अवस्थामा र फर्किएपछिको पुनःएकीकरणमा समेत असर परेको छ । श्रम आप्रवासनमा जान चाहने गृह श्रमिकका लागि विभिन्न पूर्वशर्तहरू राखिएका छन्, जसले गर्दा अवैधानिक बाटो भई विदेशमा श्रम गर्न जानुपर्ने बाध्यताले खासगरी महिलाहरू मानव बेचबिखनको थप जोखिममा परेका छन् ।[१०]

देशमा राजनीतिक स्थिरता नहुँदा श्रम आप्रवासनका क्षेत्रमा समेत नीतिगत स्थिरता कायम हुन सकेको छैन । श्रम आप्रवासन चक्रमा संलग्न सेवाप्रदायकहरूमा अपेक्षित पारदर्शिता नभएकोले श्रम आप्रवासनमा जाने व्यक्तिहरू निरन्तर ठगीमा पर्ने गरेका छन् । पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य भएता पनि अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेको छैन । श्रमिकहरूलाई आवश्यक सूचना, जानकारी तथा परामर्श पर्याप्त नहुँदा अवैध मार्गको प्रयोग गरी भारत हुँदै अन्य देश जाने र श्रम स्वीकृति नलिई अन्य माध्यमबाट विदेश गई रोजगारीमा संलग्न हुनेहरूले विकराल समस्या भोग्ने गरेका छन् । श्रम आप्रवासनका कारण नेपालले विभिन्न सामाजिक मूल्यहरू चुकाउनुपरेको छ । विदेशबाट फर्केका श्रमिकको दिगो र प्रभावकारी पुनःएकीकरण हुन सकेको छैन । श्रम आप्रवासनमा जान चाहने वा गएर फर्किएका महिलाहरूले सामाजिक लञ्छाना र विभेदको सामना गर्नुपरिरहेको छ । श्रमिकहरूमा विभिन्न किसिमका स्वास्थ्य समस्या देखिएका छन् । यसका साथै, श्रम कूटनीति, अन्तरमन्त्रालयगत समन्वय, सेवा प्रवाह, अनुगमन र मूल्यांकन प्रभावकारी हुन सकेका छैनन् ।

## ख. चुनौती

श्रम आप्रवासनका क्षेत्रमा विभिन्न चुनौतीहरू रहेका छन् । आन्तरिक श्रम बजारमा उपलब्ध रोजगारीका अवसरहरूमा आकर्षण कम भएकोले धेरै नेपाली श्रमिकहरूले श्रम आप्रवासनलाई विकल्पका रूपमा रोजेका छन् । यस क्षेत्रमा व्यवस्थापन र नियमन प्रभावकारी हुन नसकेका कारण नेपाली श्रमिकहरूले विभेद, शोषण र दुर्व्यवहारको सामना गर्नुपरेको छ । यसका साथै, विदेशमा माग गरिएका र नेपालमा उपलब्ध जनशक्तिमा भएको सीपबीच तादात्म्यता कम छ । विश्वका विभिन्न देशमा भइरहेको द्वन्द्व र प्राकृतिक विपदले आप्रवासनलाई जोखिमपूर्ण बनाएको छ । अर्कोतर्फ, जलवायु परिवर्तनले जीविकोपार्जनको मुख्य स्रोत कृषि र पशुपालनमा असर पारेका कारण जीविका चलाउन कठीन हुँदै गइरहेको छ । यस कारण पनि नेपाली युवाहरू श्रम आप्रवासनमा जाने गरेका छन् । त्यसैगरी, श्रम जलवायु परिवर्तनका कारण श्रम गन्तव्य मुलुकमा समेत तापक्रम बढिरहेको हुनाले नेपाली आप्रवासी श्रमिकहरूको जीवन थप कष्टप्रद बन्दै गइरहेको छ ।

नेपाली कूटनीतिक नियोगहरूमा पर्याप्त स्रोतसाधन र जनशक्तिको अभावले नेपाली श्रमिकहरूलाई प्रभावकारी सहयोग र संरक्षणमा बाधा पुगेको छ । संगठित मानव तस्करको सम्पर्कमा आई ठूलो रकम बुझाएर कामका लागि अवैध बाटो हुँदै विकसित मुलुक जानेहरूले जोखिमपूर्ण यात्राका क्रममा विभिन्न समस्याहरू भोगिरहेका भएता पनि यसको नियमन हुन सकेको छैन । नेपालबाट भारत जाने र भारतबाट नेपाल आउने श्रमिकहरूको तथ्यांकको अभावले व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । कोभिड-१९ जस्ता अनपेक्षित महामारी र संकटले श्रम आप्रवासनलाई थप जटिल बनाएका छन् ।

[१०] NHRC (2022). Report on the Human Rights Situation of Migrant Workers [आप्रवासी श्रमिकको मानव अधिकारसम्बन्धी राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन], National Human Rights Commission of Nepal, Hariharbhawan, Lalitpur.

### ग. अवसर

राज्यका संघ, प्रदेश र स्थानीय तहका सरकारबीच अधिकारको सूची बाँडफाँड हुनु, पूर्वाधारको विकाससँगै नागरिकमा चेतना तथा चासो निरन्तर बढ्दै जानु, नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्यांकको प्रयोग सबै तहका सरकारको प्राथमिकतामा पर्नु, श्रम तथा आप्रवासनसम्बन्धी विभिन्न कानुन, कार्यविधि, निर्देशिका जारी भई कार्यान्वयनमा आउनु, व्यावसायिक तथा सीप विकास तालिमलाई प्राथमिकतामा राखिनु र वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको हितका लागि विभिन्न कार्यक्रम तथा प्रोत्साहनको व्यवस्था गरिनु यस नीतिको कार्यान्यनका लागि अवसरका रूपमा रहेका छन् । त्यसैगरी, श्रम आप्रवासनले गर्दा युवाका लागि रोजगारीका अवसर सिर्जना हुनु, देशको अर्थतन्त्र र गरिबी न्यूनीकरणमा योगदान पुग्नु, उद्यमशीलता अभिवृद्धिका साथै प्राविधिक ज्ञान, सीप, अनुभव आर्जन तथा प्रविधि भित्र्याउने अवसर प्राप्त हुनु, विदेशी मुद्रा आर्जन तथा सञ्चितिमा सहयोग पुग्नु, आन्तरिक रोजगारी प्रवर्द्धनमा सहयोग पुग्नु र नेपालमा सक्रिय उमेर (१५-६४ वर्ष) समूहको जनसंख्या ६५.२ प्रतिशत[११] रहेकोले जनसांख्यिक लाभ लिने अवसर प्राप्त हुनु समेत अवसरका रूपमा उपलब्ध छन् । श्रम आप्रवासनले आयआर्जनमा विविधीकरण गर्न सघाउ पुर्याएको छ, जसबाट जलवायु उत्थानशील खेतीपाती/उद्यम गर्न र जलवायु परिवर्तनले निम्त्याएका जोखिम र अनिश्चितताप्रति अनुकूलन हुन मद्दत पुगेको छ । यसका साथै, श्रम आप्रवासनका कारण परिवारको जीवनस्तरमा सुधार आई परिवारको स्वास्थ्य उपचार सहज हुनु एवम् बालबालिकाले सहज रूपमा शिक्षा प्राप्त गर्न पाउनु लगायतका अवसरहरू श्रम आप्रवासनले सिर्जना गरेको छ । छिमेकी मुलुक भारतलगायत अन्य विभिन्न देशबाट श्रमिकहरू नेपालमा आई काम गरिरहेका छन् । विश्वबजारमा डिजिटल सीप, कृत्रिम बौद्धिकता, डिजिटल नोम्याड (Digital Nomad), हरित सीप, गिग इकोनोमी (Gig Economy) जस्ता सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नवीनतम् प्राविधिक क्षेत्रहरूको विस्तार भइरहेको छ । यस्ता परिस्थितिबाट लाभ लिनुका साथै व्यवस्थापन गर्नका लागि यो नीति निर्माण अवसरका रूपमा रहेको छ ।

## ४. नीतिको औचित्य

नेपालको संविधानले मुलुकलाई संघीय संरचनामा रुपान्तरण गरेको छ । संविधानमा वैदेशिक रोजगारीलाई शोषणरहित, सुरक्षित र व्यवस्थित गर्ने र वैदेशिक रोजगारीबाट आर्जित पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउने उल्लेख छ । नागरिकको संविधानप्रदत्त हक सुनिश्चित गर्न एवम् संघीय संरचनाअनुरूप विद्यमान वैदेशिक रोजगार नीतिलाई परिवर्तन गर्न आवश्यक भएको छ । बाह्य रोजगारीका विद्यमान सेवालाई निरन्तरता दिई यसका उपलब्धिहरूलाई दिगो राख्दै संघीय संरचनाअनुरूप श्रम आप्रवासन सेवाको पुनर्संरचना, विकास र विस्तारका लागि नीतिगत मार्गदर्शन प्रदान गर्नुपर्ने आवश्यकता छ । श्रम आप्रवासनका सम्बन्धमा नेपालले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धताहरू व्यक्त गरेको छ, जसमध्ये दिगो विकास लक्ष्यले आप्रवासी श्रमिकका अधिकारको रक्षा गर्ने र कार्य वातावरणलाई सुरक्षित एवम् भरपर्दो बनाउने लक्ष्य लिएको छ । श्रमसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू तय भएका छन् भने आप्रवासनका लागि विश्वव्यापी सम्झौताले श्रम आप्रवासनको व्यवस्थापनका विश्वव्यापी आधारहरू तय गरेको छ र स्वच्छ तथा न्यायोचित भर्नाका सम्बन्धमा नेपाल च्याम्पियन राष्ट्र बनेको छ ।

श्रम आप्रवासनमा सुशासन प्रवर्द्धन गरी यस क्षेत्रमा देखा परेका नवीनतम् आयाम, अवधारणा, प्रवृत्ति र चुनौतीहरूको सम्बोधन गर्दै सीपयुक्त र उद्यमशील जनशक्तिको विकासमा जोड दिनु अपरिहार्य रहेको छ । विश्वव्यापीकरण, निजीकरण, जलवायु परिवर्तन अनुकुलन, श्रम आप्रवासनको अपेक्षित विविधीकरण र सूचना प्रविधिको विकासबाट रोजगारीमा पर्न सक्ने असर र अवसरलाई सम्बोधन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । कामका लागि छिमेकी मुलुक भारत जाने र भारतलगायत अन्य देशबाट नेपाल आउने श्रमिकहरूका बारेमा नीतिगत रूपमा सम्बोधन गर्न

---

[११] NSO (2024). *National Population and Housing Census 2021: Population Composition of Nepal* [राष्ट्रिय जनगणना २०७८ : नेपालको जनसांख्यिक संरचना], National Statistics Office, Thapathali, Kathmandu. https://api.giwms.gov.np/storage/36/posts/1710821571_26.pdf

सके व्यवस्थापनमा सहज हुन सक्छ । अनपेक्षित रूपमा आइपर्ने युद्ध, प्राकृतिक प्रकोप र कोभिड-१९ जस्ता विपद् र संकटका बेला आप्रवासी श्रमिकहरूलाई यथोचित सहयोग गर्ने कुरा नीतिले नै दिशानिर्देश गर्न सक्छ । युवाहरू विदेशिने क्रम बढेसँगै यसबाट सिर्जित समस्याको सम्बोधन गर्नका लागि सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासनबाट प्राप्त प्रतिफलका माध्यमबाट मुलुकमा आन्तरिक रोजगारी सिर्जना गर्न नीतिको आवश्यकता छ ।

## ५. नीति निर्माणका मार्गदर्शक सिद्धान्त तथा आधारहरू

नेपालको संविधानको धारा ५१(झ) मा "वैदेशिक रोजगारीलाई शोषणरहित, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी तथा अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने" र "वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाइ स्वदेशमै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने" उल्लेख छ । यसका साथै, नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४ ले श्रम तथा रोजगारसम्बन्धी नीति, कानुन, मापदण्ड, व्यवस्थापन र नियमन गर्ने जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई दिइएको छ ।

दिगो विकास लक्ष्य ८ मा उल्लिखित स्थिर समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन अन्तर्गत बाल श्रमको अन्त्य, आप्रवासी श्रमिक खासगरी महिला श्रमिक र जोखिमपूर्ण काममा रहेका आप्रवासी श्रमिकलगायत सबै श्रमिकका अधिकारको रक्षा र सुरक्षित एवम् भरपर्दो कार्य वातावरणको प्रवर्द्धन रहेका छन् । दिगो विकास लक्ष्य १० मा देशभित्र तथा देशहरूबीच असमानताको अन्त्य गर्ने उल्लेख छ, जसअन्तर्गत बैंक, बीमा र वित्तीय सेवाहरूमा सबैको पहुँच विस्तार गर्ने र आप्रवासी श्रमिकको विप्रेषण कारोबार लागत कम गर्ने रहेका छन् । आप्रवासनका लागि विश्वव्यापी सम्झौता अर्थात् ग्लोबल कम्प्याक्ट फर माइग्रेसन साथै बाध्यकारी श्रमसम्बन्धी महासन्धि १९३० र रोजगारी तथा पेशामा हुने विभेदविरुद्धको महासन्धि, १९५८ लगायतका श्रम र आप्रवासन सम्बन्धमा नेपाल पक्ष भएका सन्धि, सम्झौता र द्विपक्षीय, बहुपक्षीय प्रतिबद्धताले नीतिगत आधार खडा गरेका छन् । श्रम आप्रवासनसँग सरोकार राख्ने अन्य कानुन, नेपाल सरकारका क्षेत्रगत नीति तथा कार्यक्रम, श्रम आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र विभिन्न मुलुकका अनुकरणीय अभ्यासले पनि यस नीतिका लागि आधार निर्माण गरेका छन् । नेपालको सोह्रौं पञ्चवर्षीय योजनाले आन्तरिक रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेको छ र यसबाट समेत यो नीति निर्देशित छ । श्रम आप्रवासन नीतिमा अन्य क्षेत्रगत नीतिहरू पुरक नीतिका रूपमा रहनेछन् ।

## ६. दूरदृष्टि

सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासन, आन्तरिक रोजगारी र समृद्धिमा योगदान ।

## ७. लक्ष्य

अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुरूप सुसूचित, सीपयुक्त, प्रतिष्पर्धी र व्यावसायिक श्रमशक्तिको विकासद्वारा श्रम आप्रवासनलाई प्रतिफलयुक्त बनाई स्वदेशमै स्वरोजगारी तथा उद्यमशीलता प्रवर्द्धन गर्दै बाध्यकारी श्रम आप्रवासनको अन्त्य गर्ने ।

## ८. उद्देश्य

१. श्रम आप्रवासनमा सूचना, सेवा र सुशासन सुनिश्चित गर्नु ।
२. नेपालभित्र रोजगारीका अवसरको अभावका कारण श्रम आप्रवासनमा जानुपर्ने बाध्यताको अन्त्य गर्नु ।
३. नेपालमा कार्यरत विदेशी श्रमिकको व्यवस्थापन गर्नु ।

## ९. नीति, रणनीति र कार्यनीति

**नीति नं. १. श्रम आप्रवासन व्यवस्थापनमा सुशासन कायम गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ आप्रवासी श्रमिकमैत्री नीति र कानुन निर्माण गर्ने | १.१.१ श्रम आप्रवासन प्रक्रियालाई सरल र श्रमिकमैत्री बनाइनेछ ।<br>१.१.२ श्रम आप्रवासनको प्रक्रियालाई सरल, सहज, पारदर्शी र उत्तरदायी बनाउन वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक रोजगार नियमावली २०६४ परिमार्जन गरिनेछ ।<br>१.१.३ श्रम आप्रवासनसम्बन्धी नीति र कानुनी संरचना निर्माण एवम् परिमार्जन गर्दा सम्पूर्ण सरकार (Whole-of-Government) र सम्पूर्ण समाज (Whole-of-Society) को विधि अवलम्बन गरिनेछ ।<br>१.१.४ श्रम आप्रवासनसम्बन्धी कानुन निर्माण, संशोधन र कार्यान्वयनमा आप्रवासी नेपाली श्रमिक, श्रम आप्रवासनसम्बन्धी सेवा दिने व्यावसायी, गैरसरकारी संस्था र सम्बन्धित सरोकारवालाहरूलाई अर्थपूर्ण रूपमा संलग्न गराइनेछ । |
| १.२ श्रम आप्रवासनका क्रममा हुने खर्च श्रमिकले व्येहोर्नु नपर्ने | १.२.१ श्रम आप्रवासनका क्रममा हुने खर्च रोजगारदाताले व्यहोर्ने प्रणाली (Employer Pay Model) को विस्तार एवम् प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२.२ स्वच्छ र न्यायोचित भर्ना प्रक्रिया अवलम्बन गरिनेछ ।<br>१.२.३ रोजगारदाता र श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यावसायीका लागि पुरस्कार र दण्डसहितको मापदण्ड बनाई प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनेछ ।<br>१.२.४ श्रमिकको खर्च रोजगारदाताले व्यहोर्ने प्रणालीलाई श्रम गन्तव्य मुलुकसँग गरिने द्विपक्षीय श्रम सम्झौतामा उल्लेख गरिनेछ ।<br>१.२.५ श्रम आप्रवासनमा जाने श्रमिकको भर्ना प्रक्रियालाई पारदर्शी, न्यायोचित र नैतिक बनाउन वैदेशिक रोजगार व्यावसायीलाई जवाफदेही बनाइनेछ ।<br>१.२.६ वैदेशिक रोजगार बोर्ड र गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगले रोजगारदाताले खर्च व्यहोर्ने प्रणालीको पालना गर्ने रोजगारदाता (बजार) खोज्नेछन् र सम्बन्धित मन्त्रालयमा वार्षिक प्रगति विवरण पेश गर्नेछन् । उक्त कार्यमा वैदेशिक रोजगार व्यावसायी संघलाई पनि संलग्न गरिनेछ । |
| १.३ श्रम आप्रवासनका सेवा तथा प्रक्रियालाई संघीयता अनुरुप पुनर्संरचना गर्ने | १.३.१ नीति तथा कानुनमा संघ, प्रदेश र स्थानीय तहका काम, कर्तव्य र जिम्मेवारी तोकिनेछ ।<br>१.३.२ स्थानीय तहस्थित रोजगार सेवा केन्द्रलाई थप स्रोतसाधन उपलब्ध गराई सबल बनाइनेछ र श्रम आप्रवासनको सम्पूर्ण सेवा केन्द्र (One-Stop Service Centre) का रूपमा विकास गरिनेछ ।<br>१.३.३ श्रम आप्रवासन व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरिनेछ ।<br>१.३.४ अन्तरमन्त्रालय, अन्तरनिकाय, अन्तरप्रदेश तथा स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सबल बनाइनेछ । |
| १.४ सहभागितामूलक विधि एवम् साझेदारी र | १.४.१ श्रम आप्रवासनसम्बन्धी एकिकृत कार्ययोजना कार्यान्वयनका लागि विकास साझेदार तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ । |

| | |
|---|---|
| सहकार्यको नीति अवलम्बन गर्ने | १.४.२ आप्रवासी श्रमिकको हक हित र सुरक्षाको सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरका मञ्चहरूको उपयोग गरिनेछ ।<br>१.४.३ श्रमिक पठाउने मुलुकहरूसँग सहकार्य गरी सामुहिक सौदाबाजीको रणनीति तय गरिनेछ । |
| १.५ श्रम आप्रवासनका सेवाप्रदायकको अनुगमनलाई प्रभावकारी बनाउने | १.५.१ श्रम आप्रवासनसम्बन्धी व्यावसायीले प्रदान गर्ने सेवाको अनुगमन सुचक तयार गरी निरन्तर अनुगमन गरिनेछ र मूल्यांकनका आधारमा पुरस्कृत/दण्डित गरिनेछ ।<br>१.५.२ अनुगमन र मूल्यांकन प्रक्रियामा गैरसरकारी संस्था र त्रिपक्षीय सहभागिता एवम् प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>१.५.३ प्रदेशस्थित श्रम कार्यालय र स्थानीय तहलाई आ-आफ्ना कार्यक्षेत्रभित्र सञ्चालित आप्रवासन सेवाहरूको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरिनेछ। |

**नीति नं. २. श्रम आप्रवासनसँग सम्बन्धित सूचना र सेवाहरूमा सबैको पहुँच विस्तार गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ श्रम आप्रवासन चक्रका विभिन्न चरणमा आइपर्नसक्ने समस्या, चुनौती, सम्भावना र अवसरका बारेमा श्रमिक र तिनका परिवारलाई सुसूचित गर्ने | २.१.१ श्रम आप्रवासनमा जाने निर्णय गर्नुभन्दा पहिला नै श्रमिकलाई स्थानीय स्तरमा सूचना तथा जानकारी र परामर्श प्रदान गरी श्रम आप्रवासनलाई सुसूचित छनोटको विषय बनाइनेछ ।<br>२.१.२ श्रम आप्रवासनमा विद्यमान चुनौती, संम्भावित जोखिम र अवसरका बारेमा आवश्यक प्रचारप्रसार तथा चेतनामूलक कार्यक्रम स्थानीय तहबाट सञ्चालन गरिनेछ ।<br>२.१.३ आप्रवासी नेपाली श्रमिकहरूले पालना गर्नुपर्ने कर्तव्य तथा जिम्मेवारीका बारेमा प्रस्थान गर्नुपुर्व नै आवश्यक सुचना प्रदान गरिनेछ । श्रमिक स्वयम् पनि आफ्ना कर्तव्य र जिम्मेवारीबारे सुसूचित हुनुपर्नेछ ।<br>२.१.४ वित्तीय साक्षरता, विप्रेषणको उपयोग, ऋण व्यवस्थापन, डिजिटल साक्षरताजस्ता विषयहरूमा तालिम प्रदान गरिनेछ ।<br>२.१.५ जलवायु परिवर्तनका असर र श्रमिकले अवलम्बन गर्नुपर्ने अनुकुलनका उपायहरूबारे अभिमुखीकरण प्रदान गरिनेछ ।<br>२.१.६ श्रम आप्रवासनमा जान चाहने व्यक्तिलाई प्रत्यक्ष रूपमा गन्तव्य मुलुकका रोजगारदातासँग जोड्ने प्रविधिको विकास गरिनेछ । |
| २.२ एकिकृत तथ्यांक व्यवस्थापनमा सुशासन कायम गर्ने | २.२.१ तथ्यांक शाखाको स्थापना गरी श्रम आप्रवासनसँग सम्बन्धित खण्डिकृत तथ्यांक राखी एकरुपता कायम गर्दै नियमित रूपमा अद्यावधिक गर्नुका साथै अध्ययन अनुसन्धान गरिनेछ ।<br>२.२.२ रोजगारी, सीप र तालिमलगायतका तथ्यांक विश्लेषण र प्रक्षेपणबाट प्राप्त निष्कर्षलाई नीति, कानुन, कार्यक्रम निर्माण तथा निर्णय प्रक्रियामा उपयोग गरिनेछ ।<br>२.२.३ आप्रवासी श्रमिकका तथ्यांकलाई नीति निर्माता, अनुसन्धानकर्ता, गैरसरकारी संस्था, निजी क्षेत्र र आम जनतासम्म पहुँचयोग्य बनाउँदै पारदर्शी र प्रयोगकर्तामैत्री बनाइनेछ ।<br>२.२.४ तथ्यांक संकलन, विश्लेषण र प्रसारका लागि डिजिटल प्लेटफर्महरूको प्रयोग गरिनेछ । |

| | |
|---|---|
| | २.२.५ श्रम आप्रवासन प्रक्रियालाई अनलाइन प्रणालीमा रूपान्तरण गरिनेछ र श्रम आप्रवासन सूचना प्रणाली विकास र विस्तार गरिनेछ । |
| २.३ श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगको श्रम कूटनीति र यसले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउने | २.३.१ श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगलाई स्रोतसाधन सम्पन्न बनाइनेछ, उनीहरूको क्षमता विकास गरिनेछ, अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ र नियोगमा नेपाली श्रमिकको सहज पहुँच सुनिश्चित गरिनेछ ।<br>२.३.२ श्रमिकको आकस्मिक मृत्यु भएमा गन्तव्य मुलुकमा नै शवको पोष्टमार्टम गरिनेछ, शव स्वदेश ल्याउने साथै राहत, बीमा क्षतिपूर्तिलगायतका सुविधा प्राप्ति गर्ने प्रक्रियामा सहजीकरण गरिनेछ ।<br>२.३.३ श्रम स्वीकृतिको म्याद सकिएका आप्रवासी श्रमिकहरूको पुनः श्रम स्वीकृति श्रमिक कार्यरत मुलुकस्थित नेपाली कूटनीतिक नियोगबाट दिने व्यवस्था मिलाइनेछ ।<br>२.३.४ गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगमार्फत् सूचना प्रवाह र श्रमिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३.५ गन्तव्य मुलुकमा आप्रवासी श्रमिकको राहदानी नवीकरण, भिसालगायतका कागजात तयार गर्न सहयोग, समन्वय, सहजीकरण तथा परामर्श सेवा उपलब्ध गराइनेछ ।<br>२.३.६ विदेशस्थित नेपाली नियोगका कामलाई थप प्रभावकारी बनाउने कार्यमा गैरआवासीय नेपाली संघ संस्थाहरूलाई परिचालन गरिनेछ । |
| २.४ सेवा प्रवाहलाई श्रमिकमैत्री बनाउँदै प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने | २.४.१ पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउन यसको पुनर्संरचना गरिनेछ र अभिमुखीकरण सेवाहरूलाई स्थानीय तहसम्म विस्तार गरिनेछ ।<br>२.४.२ श्रम आप्रवासनसम्बन्धी सूचना प्रवाहलाई प्रदेश र स्थानीय तहअन्तर्गत वडा तहसम्मको पहुँच विस्तार गरिनेछ ।<br>२.४.३ फर्केका श्रमिकहरूलाई सञ्जालमा आबद्ध गराई समुदायस्तरमा जनचेतना अभिवृद्धिका लागि परिचालन गरिनेछ ।<br>२.४.४ वैदेशिक रोजगार न्यायाधीकरणबाट प्रदान गरिने न्यायिक सेवाहरूलाई प्रदेश तहसम्म विस्तार गरिनेछ ।<br>२.४.५ वैदेशिक रोजगार बोर्डलाई परिवर्तित अवस्थाअनुरूप पुनर्संरचना गरी स्वायत्त एवम् प्रभावकारी संस्थाका रूपमा विकास गरिनेछ ।<br>२.४.६ वैदेशिक रोजगार कल्याणकारी कोषमा योगदान गरी श्रम आप्रवासनमा गएर फर्केका श्रमिकमध्येबाट वैदेशिक रोजगार बोर्डमा एकजना महिला र एकजना पुरुषको अनिवार्य संलग्न गराइनेछ ।<br>२.४.७ वैदेशिक रोजगार बोर्डबाट दिइँदै आएको सुविधालाई सरल, सहज, प्रभावकारी र श्रमिकमैत्री बनाइनेछ ।<br>२.४.८ नेपालमा र प्रमुख श्रम गन्तव्य मुलुक सबैमा महिला र पुरुषका लागि सुरक्षित आवास गृह सञ्चालन गरिनेछ ।<br>२.४.९ फर्किएका श्रमिकको स्वास्थ्य परीक्षण पूर्वप्रस्थान गर्नुभन्दा अगाडि गरिने बीमामा समाहित हुने गरी विदेशबाट फर्किएको एक वर्षभित्र गर्ने व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| २.५ भारतमा काम गर्न जाने/फर्कने नेपाली श्रमिकलाई श्रम आप्रवासन प्रणालीमा समेट्ने | २.५.१. स्थानीय तहस्थित रोजगार सेवा केन्द्रमार्फत् तथ्यांक राख्ने र क्रमशः परिचयपत्र उपलब्ध गराउँदै लगिनेछ । तथ्यांक संकलनमा एकरुपता कायम गरिनेछ ।<br>२.५.२. तथ्यांक संकलन र अद्यावधीकरणमा रोजगार सेवा केन्द्रको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२.५.३. विद्यमान वैदेशिक रोजगार कल्याणकारी कोषजस्तै उपयुक्त मोडेल निर्माण गरी भारत जाने नेपाली श्रमिकलाई क्रमशः आबद्ध गराउँदै लगिनेछ । |
| २.६ सेवा र न्यायमा सहज पहुँच उपलब्ध गराउने । | २.६.१. श्रम गन्तव्य मुलुकमा नेपाली श्रमिकलाई सेवा प्रदान गर्ने सम्बन्धमा गैरआवासीय नेपालीसँगको सहकार्यलाई सुदृढ बनाइनेछ ।<br>२.६.२. श्रम आप्रवासनका पीडित श्रमिकलाई नेपाल, बाटोमा पर्ने र गन्तव्य मुलुकमा निःशुल्क कानुनी सहायता प्रदान गरिनेछ ।<br>२.६.३. स-साना विवादहरू तथा क्षतिपूर्तिसँग सम्बन्धित विषय स्थानीय तहको न्यायिक समितिबाट समाधान गर्ने कानुनी व्यवस्था गरिनेछ ।<br>२.६.४. सम्झौता वा करारपत्रअनुरुप श्रमिकले सेवा, सुविधा तथा सुरक्षा पाए नपाएको सम्बन्धमा नियमित अनुगमन गरी आवश्यक कानुनी उपचार प्रदान गरिनेछ र सोका लागि श्रम कूटनीति निकायले सहजीकरण गरिनेछ ।<br>२.६.५. जेलमा रहेका लगायत समस्यामा परेका आप्रवासी नेपाली श्रमिकको न्यायमा पहुँच सुनिश्चित गरिनेछ । |

**नीति नं. ३. आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण गर्ने एवम् लैंगिकताका कारण हुन सक्ने सबै किसिमका जोखिम न्युनीकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१ श्रम आप्रवासनलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्ने | ३.१.१ आप्रवासी श्रमिकहरूको हक हित तथा अधिकार सुनिश्चित हुने गरी कानुन निर्माण तथा परिमार्जन गरिनेछ ।<br>३.१.२ श्रम आप्रवासनसँग सम्बन्धित सेवा प्रदान गर्ने सरकारी निकाय र श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यावसायी (वैदेशिक रोजगार व्यावसायी, स्वास्थ्य व्यावसायी, अभिमुखीकरण तालिमप्रदायक संस्था, बीमा कम्पनी, सीपमूलक तालिमप्रदायक संस्था, बैंक तथा वित्तीय संस्था/मनी ट्रान्सफर, ट्राभल एजेन्सीसमेत) लाई आ-आफ्ना काम, कर्तव्य र जिम्मेवारीप्रति इमान्दार र जवाफदेही बनाउने गरी आवश्यक अनुशिक्षण प्रदान गरिनेछ।<br>३.१.३ श्रम आप्रवासनमा श्रमिकमाथि कुनै प्रकारका ठगी, शोषण तथा मानसिक यातना हुन नदिन नियमनकारी निकायबाट प्रभावकारी रूपमा नियमित अनुगमन गरिनेछ ।<br>३.१.४ श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यावसायीबाट भएका काम कारबाहीका सम्बन्धमा विश्वसनीय तेश्रो पक्षबाट अनुपालन परीक्षण (Compliance Audit) गराइनेछ ।<br>३.१.५ श्रम आप्रवासनको आवरणमा हुने मानव बेचविखन तथा तस्करी नियन्त्रण गर्न नेपाल, बाटोमा पर्ने मुलुक र गन्तव्य मुलुकका सम्बन्धित सरोकारवाला संघ/संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।<br>३.१.६ श्रमिकहरूलाई अनियमित र अनौपचारिक माध्यमबाट श्रम आप्रवासनमा जान र अलेखबद्ध हुनबाट निरुत्साहित गरिनेछ । |

| | |
|---|---|
| | ३.१.७ आप्रवासी श्रमिकले गन्तव्य मुलुकमा काम गरिरहेको कम्पनी परिवर्तन गर्न चाहेमा कूटनीतिक नियोगले सहजीकरण गर्नेछ । |
| ३.२ पेशा तथा लैंगिकताका आधारमा हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्ने | ३.२.१. पेशा र कामको प्रकृति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।<br>३.२.२. आप्रवासी श्रमिकउपर कुनै विभेद भएमा कानुन बमोजिम तत्काल न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ ।<br>३.२.३. श्रम आप्रवासनको चक्रमा महिला गृह श्रमिकलगायत अन्य पेशामा हुने विभेद अन्त्य गरी प्रस्थानपूर्व नै क्षमता अभिवृद्धि गर्ने रणनीति तय गरिनेछ ।<br>३.२.४. श्रम आप्रवासनमा जान चाहने महिला र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई निःशुल्क सीप विकास तालिम प्रदान गरिनेछ ।<br>३.२.५. महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका श्रमिकको सुरक्षा, स्वास्थ्य र सम्मानजनक श्रम गर्ने अधिकारको प्रत्याभुति गर्ने ।<br>३.२.६. श्रम आप्रवासनका क्रममा हिंसा, शोषण तथा समस्यामा परेका महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका श्रमिकहरूको पुर्नस्थापना तथा सम्मानजनक पुर्नएकीकरण गर्ने ।<br>३.२.७. श्रम आप्रवासनमा रहेका श्रमिकहरूको सेवा, सुरक्षा र मर्यादामा आँच आउन नदिन नेपाली कूटनीतिक नियोगलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ ।<br>३.२.८. श्रम आप्रवासनबाट हुन सक्ने सामाजिक मूल्य न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३.३श्रम गन्तव्य मुलुकसँगका द्विपक्षीय श्रम सम्झौतामा आप्रवासी श्रमिक अधिकारको संरक्षण र अन्तर्राष्ट्रिय कानुनको पालना हुने गरी कार्यान्वयन गर्ने | ३.३.१ श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यावसायी, गैरसरकारी संस्था र सम्बन्धित सरोकारवालाको अर्थपूर्ण सहभागिता र परामर्शबाट स्तरीय (Standard) द्विपक्षीय श्रम सम्झौतापत्र तयार पारी सोही आधारमा श्रम गन्तव्य मुलुकसँग श्रम सम्झौता गरिनेछ ।<br>३.३.२ श्रम कूटनीतिलाई थप सक्रिय बनाउँदै विभिन्न मुलुकसँगको श्रम सम्झौताको पुनरावलोकन तथा नयाँ गन्तव्य मुलुकसँग श्रम सम्झौता गरिनेछ ।<br>३.३.३ श्रमिकको कार्यअवधिभरिको बीमा गर्ने प्रावधान श्रमिकको करारपत्र र श्रम गन्तव्य मुलुकसँग गरिने द्विपक्षीय श्रम सम्झौतामा राखिनेछ ।<br>३.३.४ आप्रवासी श्रमिक महिलाहरूको अधिकार सुनिश्चितताका लागि नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता, समझदारी लगायतका अन्तर्राष्ट्रिय कानुनलाई आधार मानी सोहीबमोजिम राष्ट्रिय कानुन निर्माण, परिमार्जन र कार्यान्वयन गरिनेछ । |
| ३.४ श्रमिकको मानव अधिकारको संरक्षण गर्ने | ३.४.१ आप्रवासी श्रमिकको मताधिकार सुनिश्चितताका लागि गन्तव्य मुलुकबाटै मत हाल्न पाउने व्यवस्था गरिनेछ ।<br>३.४.२ रुचि, सीप, क्षमता र योग्यताका आधारमा पेशा छनोट गर्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।<br>३.४.३ नेपाल, बाटोमा पर्ने मुलुक र गन्तव्य मुलुकमा आइपर्नसक्ने विभिन्न प्रकारका विपद (महामारी, प्राकृतिक प्रकोप, युद्धसमेत) लाई मध्येनजर गरी पीडित तथा प्रभावित आप्रवासी श्रमिकको उद्धार, राहत, संरक्षण र पुर्नस्थापनाको पूर्वतयारीको वैकल्पिक व्यवस्थापनका लागि स्रोतसाधनसहितको कार्यविधि निर्माण गरी सोहीअनुरुप कार्य गरिनेछ । |

| | |
|---|---|
| | ३.४.४ विपदका समयमा राहत, उद्धार, संरक्षण र पुनर्स्थापनामा अलेखबद्ध श्रमिकउपर कुनै भेदभाव गरिने छैन । |

**नीति नं. ४. आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखी गन्तव्य मुलुकको श्रम बजारको माग र प्रवृत्तिअनुसार श्रमिकको सीप र दक्षताको पहिचान र विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१ आन्तरिक श्रम बजारको माग पहिचान गर्दै युवा जनशक्तिलाई स्वदेशमै मर्यादित रोजगारीका अवसर सिर्जना गरी बाध्यकारी श्रम आप्रवासनको अन्त्य गर्ने | ४.१.१ आन्तरिक श्रम बजारमा उच्च आवश्यकता एवम् सम्भावना भएका क्षेत्र र सीपयुक्त जनशक्तिको अभावलाई मध्येनजर गर्दै सो अभाव परिपूर्ति हुने गरी विदेशमा उपलब्ध रोजगारीका अवसरलाई प्राथमिकीकरण गरिनेछ ।<br>४.१.२ आन्तरिक श्रम बजारको माग र आपूर्तिसहितको प्रभावकारी एकिकृत तथ्यांक प्रणाली विकास गरी नियमित रूपमा विश्लेषण गर्दै अभिलेख अद्यावधिक गरिनेछ ।<br>४.१.३ आन्तरिक श्रम बजारमा आवश्यक पर्ने दक्ष जनशक्ति तथा रोजगारीको सुनिश्चितताका लागि निजी क्षेत्रसँग समन्वय गरी तदनुरूप नीति तथा कार्यक्रम ल्याइनेछ ।<br>४.१.४ युवाहरूलाई श्रम आप्रवासनमा जाने निर्णय गर्नुभन्दा पहिला स्वदेशमै तुलनात्मक लाभ भएका रोजगारी, स्वरोजगारी तथा उद्यमशीलताका सम्भावनाबारे पर्याप्त जानकारी गराइनेछ र आवश्यकताका आधारमा क्षमता विकासका संयन्त्र निर्माण गरिनेछ । |
| ४.२ अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारीका अवसरहरूको पहिचान, प्रक्षेपण, प्रवर्धन, सहजीकरण तथा विविधीकरण गर्ने । | ४.२.१ नेपाली श्रमिकहरूका लागि मर्यादित र आकर्षक रोजगारीका अवसर भएका श्रम गन्तव्य मुलुकहरूको खोजी गरिनेछ ।<br>४.२.२ अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकको विशिष्ट प्रभाव, माग र प्रतिष्पर्धात्मक दक्षता भएका क्षेत्रमा प्रभावकारी बजारीकरण गरिनेछ । |
| ४.३ दक्ष, सीपयुक्त तथा प्रतिष्पर्धी जनशक्तिको विकास गर्ने | ४.३.१ प्रमुख श्रम गन्तव्य मुलुकहरूको माग र आवश्यकता अनुरूप युवाहरूलाई प्राविधिक तथा व्यावसायिक सीपयुक्त बनाइनेछ ।<br>४.३.२ व्यावहारिक र जीवनोपयोगी सीप अभिवृद्धि गरिनेछ ।<br>४.३.३ डिजिटल सीप, कृत्रिम बौद्धिकता (AI) र सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नयाँ प्राविधिक क्षेत्रमा युवाहरूको दक्षता विकास गरिनेछ ।<br>४.३.४ डिजिटल नोम्याड (Digital Nomad), हरित सीप (Green Skills), गिग इकोनोमी (Gig Economy) लाई प्रोत्साहन गरिनेछ र औपचारिकीकरण गर्दै लगिनेछ । |

**नीति नं. ५. श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूको दिगो र सम्मानजनक पुनःएकीकरण गर्दै सामाजिक सुरक्षा सुनिश्चित गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ विदेशबाट फर्किएका | ५.१.१ पुनःएकीकरण योजनालाई पूर्वप्रस्थान अभिमुखीकरण तालिम पाठ्यक्रममा समावेश गरिनेछ । |

| | |
|---|---|
| श्रमिकहरूको दिगो र सम्मानजनक पुनःएकीकरण गर्ने | ५.१.२ श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूको प्रवेश विन्दुमा खण्डिकृत तथ्यांक राखी डिजिटल माध्यमबाट आवधिक रूपमा सार्वजनिक गरिनेछ ।<br>५.१.३ सम्मानजनक रूपले घर फर्कन पाउने अधिकार सुनिश्चितताका लागि नेपाली कूटनीतिक नियोगले पहल गर्नेछ ।<br>५.१.४ श्रम आप्रवासनबाट प्राप्त विप्रेषण, आर्जित ज्ञान, सीप, अनुभव र पुँजीलाई रोजगारी तथा स्वरोजगारी र उत्पादनशील एवम् जलवायु उत्थानशील तथा अनुकुलन हुन सहयोग गर्ने खालका र आकर्षक लगानीका क्षेत्रमा परिचालन गरिनेछ ।<br>५.१.५ नेपाल फर्केका श्रमिकहरूको सीप, ज्ञान र अनुभव पहिचान गरी रोजगार विनिमय केन्द्रमार्फत् वैदेशिक रोजगार बोर्डले प्रभावकारी व्यवस्थापन गरिनेछ ।<br>५.१.६ विप्रेषण आयलाई औपचारिक बैंकिङ प्रणालीबाट स्वदेश पठाउन प्रेरित गरिनेछ ।<br>५.१.७ विदेशबाट फर्किएका श्रमिकको दिगो पुनःएकीकरणका लागि श्रम गन्तव्य मुलुकलाई समेत जिम्मेवार बनाउन पहल गरिनेछ ।<br>५.१.८ पुनःएकीकरणका सेवाहरू स्थानीय तहबाट उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>५.१.९ पुनःएकीकरणका लागि तीनै तहका सरकारले निजी क्षेत्र र गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्नेछन् । |
| ५.२ उद्यमशिलता तथा व्यवसायिक क्षमता विकास गर्ने | ५.२.१ श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूलाई उद्यमशीलता विकास तथा सीप अभिवृद्धि र विप्रेषणको उपयोगसम्बन्धी क्षमता अभिवृद्धिको व्यवस्था गरिनेछ ।<br>५.२.२ श्रम आप्रवासनबाट आर्जित सीप ज्ञान र अनुभव अनुरूप उद्यम-व्यवसाय सञ्चालन गरी उल्लेख्य संख्यामा रोजगारी प्रदान गर्ने उत्कृष्ट उद्यमीलाई उचित सम्मान तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>५.२.३ परियोजनाका आधारमा बीमासहितको सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ ।<br>५.२.४ आप्रवासी श्रमिकका परिवारका सदस्यहरूलाई उद्यमशीलता तथा सीप विकास र वित्तीय साक्षरतामार्फत् उद्यम व्यवसायमा लाग्न प्रेरित गरिनेछ । |
| ५.३ समाज र परिवारमा सम्मानजनक पुनःएकीकरण गर्ने | ५.३.१ विदेशबाट फर्किएका श्रमिक र श्रमिकका परिवारहरूको सञ्जाल बनाइनेछ ।<br>५.३.२ श्रमिकले आफ्नो समुदायको विकासका निमित्त पठाएको विप्रेषणको रकममा स्थानीय सरकारले थप विनियोजन गरी सामुदायिक विकास तथा स्थानीय पूर्वाधार निर्माणका कार्यक्रमहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>५.३.३ श्रम आप्रवासनबाट फर्किएका महिला र यौनिक तथा लैंगिक अल्पसंख्यक श्रमिकहरूका विशेष आवश्यकता र चुनौतीहरू विश्लेषण गरी उनीहरूको पुनःस्थापना गरिनेछ ।<br>५.३.४ महिला र यौनिक तथा लैंगिक अल्पसंख्यक आप्रवासी श्रमिक र तिनका परिवारका आवश्यकतालाई सम्बोधन गर्न परामर्श सेवा, कानुनी सहायता, स्वास्थ्य सेवा, व्यावसायिक तालिम र आवश्यकताका आधारमा मनोसामाजिक सेवा प्रदान गरिनेछ । |
| ५.४ सामाजिक सुरक्षा कार्यक्रममा क्रमशः समेट्दै जाने | ५.४.१ श्रम आप्रवासनमा जानुपूर्व आप्रवासी श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्थाबारे अभिमुखीकरण गरिनेछ ।<br>५.४.२ आप्रवासी श्रमिक र परिवारका लागि सामाजिक सुरक्षा कार्यक्रमबारे व्यापक सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५.४.३ आप्रवासी नेपाली श्रमिकहरूलाई गन्तव्य मुलुकको सामाजिक सुरक्षा कार्यक्रमका अवसरबाट लाभान्वित हुन सहजीकरण गरिनेछ । |

| नीति नं. ६. नेपालको राष्ट्रिय हित र आवश्यकता अनुरूप नेपालमा कार्यरत विदेशी श्रमिकहरूको नियमन तथा व्यवस्थापन गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| ६.१ विदेशी श्रमिकहरूको अभिलेखीकरण गर्ने | ६.१.१ नेपालमा काम गर्ने विदेशी श्रमिकहरूको तथ्यांक संकलन प्रणाली निर्माण गरी अभिलेख नियमित अद्यावधिक गरिनेछ ।<br>६.१.२ नेपालमा काम गर्ने भारतबाहेकका विदेशी श्रमिकले श्रम स्वीकृति लिए नलिएको सम्बन्धमा प्रभावकारी अनुगमन गरिनेछ । |
| ६.२ विदेशी श्रमिक आवश्यक पर्ने क्षेत्रको खोजी एवम् प्राथमिकीकरण गरी परिचालन गर्ने | ६.२.१ विदेशी श्रमिक आवश्यक पर्ने औचित्यताको आधारमा प्राथमिकताका क्षेत्र तोकिनेछ ।<br>६.२.२ विदेशी श्रमिक आवश्यक देखिएका क्षेत्रमा नेपाली श्रमिकको सीप तथा दक्षता अभिवृद्धि गरी क्रमश प्रतिस्थापन गर्न विदेशी श्रमिक प्रतिस्थापन योजना निर्माण गरिनेछ ।<br>६.२.३ नेपालमा कार्यरत विदेशी श्रमिकमा रहेको उपयोगी ज्ञान, सीप तथा प्रविधि हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।<br>६.२.४ विदेशी श्रमिकमा रहेको ज्ञान, सीप, प्रविधि तथा आर्जित पुँजी नेपालको आर्थिक विकासमा परिचालन गर्न प्रोत्साहित गरिनेछ । |

## १०. संस्थागत व्यवस्था

श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै सुशासन कायम गर्ने जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकायमा रहनेछ । श्रम आप्रवासनसँग सम्बन्धित विषयलाई बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुरूप सम्बोधन हुने गरी नियमनकारी निकायहरूलाई थप प्रतिष्पर्धी,व्यावसायिक र सक्षम बनाइनेछ । श्रम आप्रवासनको व्यवस्थापनलाई मार्गदर्शन प्रदान गर्न र श्रम आप्रवासनमार्फत् हुने राष्ट्रिय आय तथा सीपलाई दिगो तथा उत्पादनशील र जलवायु उत्थानशील तथा अनुकुलन हुने क्षेत्रमा लगानीतर्फ उन्मुख गर्न एवम् सम्बन्धित निकायबीच समन्वय तथा सामञ्जस्यता कायम गर्न नेपाल सरकारलाई थप आर्थिक दायित्त्व नहुने गरी एउटा सचिवस्तरीय समिति रहनेछ र सो समितिले वार्षिक रूपमा समीक्षा, मूल्यांकन र समन्वय गर्नेछ । उक्त मूल्यांकन प्रक्रियामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय र श्रम आप्रवासनमा प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने सम्बन्धित अन्य सरकारी निकाय, नेपाल राष्ट्र बैंक, गाउँपालिका र नगरपालिका महासंघका प्रतिनिधि, श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यावसायी र गैरसरकारी संघ/संस्था एवम् निजी क्षेत्र, आप्रवासी श्रमिक र विज्ञ रहनेछन् । यो नीति कार्यान्वयन गर्न सरकारलाई थप व्ययभार नपर्ने गरी जनशक्ति व्यवस्थापन गरिनेछ ।

## ११. नीतिको पुनरावलोकन तथा संशोधन

यस श्रम आप्रवासन नीति कार्यान्वयनका सन्दर्भमा परिवर्तित परिवेश, नीति कार्यान्वयको प्रभावकारिता, आदि पक्षको सुक्ष्म विश्लेषणका आधारमा हरेक पाँच वर्षमा यसको समीक्षा गरी पुनरावलोकन तथा सामयिक परिमार्जन गरिनेछ । नीतिको प्रभावकारिता कस्तो रह्यो, नीतिमा उल्लेख गरिएको लक्ष्य हासिल भयो भएन, नीतिमा के के कमजोरी देखिए, नीति कार्यान्वयनमा के कस्ता समस्या र चुनौती देखिए, नीति सुधारका लागि के गर्नु आवश्यक छ लगायतका विविध विषयमा अनुगमन तथा मूल्यांकनका ठोस मानक तयार गरी नीति प्रभावकारिताको लेखाजोखा गरी समयानुकूल संशोधन गरिनेछ ।

## १२. नीति कार्यान्वयन कार्ययोजना

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण एवम् विद्यमान कानुनमा परिमार्जन समेत गरिनेछ । साथै, यस नीतिको लक्ष्य प्राप्तिका लागि आवश्यक पर्ने संस्थागत संरचना निर्माण, भौतिक पूर्वाधार निर्माण, अध्ययन

अनुसन्धान, अनुगमन/मूल्यांकन लगायतका स्रोतसाधन व्यवस्थापनका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्रोतसाधनको परिचालन गरी नीति कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ ।

## १३. सम्भावित जोखिम न्यूनीकरण योजना

राजनीतिक अस्थिरता, राजनीतिक नेतृत्वले श्रम आप्रवासनका क्षेत्रलाई दिने कम प्राथमिकता, सम्बन्धित मन्त्रालय वा निकायहरूसँगको कमजोर समन्वय, स्रोतसाधनमा कमी, श्रम आप्रवासनसँग सम्बन्धित व्यावसायीलगायत विभिन्न संघ/संस्थाले नीति कार्यान्वयनमा गर्न सक्ने असहयोग, अन्तर्राष्ट्रिय रूपमा विकसित हुने अनपेक्षित घटना, आदिले नीति कार्यान्वयनमा जोखिम उत्पन्न गराउन सक्नेछन् । राजनीतिक दल र अन्य सरोकारवालाहरूबीच निरन्तर अन्तर्क्रिया, सम्बन्धित निकायहरूबीच कार्यगत समन्वय एवम् सहकार्य, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगलगायत सम्बन्धित निकायहरूबीच बलियो समन्वय, श्रम आप्रवासनसँग सम्बन्धित व्यावसायी, गैरसरकारी संस्था, आप्रवासी श्रमिक, राष्ट्रसंघीय निकाय, विकास साझेदार साथै तीनै तहका सरकारको अर्थपूर्ण सहभागिता र सहकार्य अभिवृद्धि गरी नीति कार्यान्वयनमा आइपर्ने जोखिम न्यूनीकरण गरिनेछ ।

## १४. खारेजी र बचाउ

यो नीति कार्यान्वयनसँगै वैदेशिक रोजगार नीति २०६८ खारेज गरिएको छ । तर, सो नीतिबमोजिम भए गरेका काम कारबाही यसै नीतिबमोजिम भए गरेको मानिनेछ ।

## सन्दर्भ सामग्रीहरू


केन्द्रीय तथ्यांक विभाग (२०७५), नेपाल श्रमशक्ति सर्वेक्षण प्रतिवेदन २०१७/१८, केन्द्रीय तथ्यांक विभाग, काठमाडौं । https://api.giwms.gov.np/storage/36/posts/1692627226_64.pdf

नेपालको संविधान, २०७२ ।

नेपाल राष्ट्र बैंक (२०८०), देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति : आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्यांकमा आधारित, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं । https://www.nrb.org.np/contents/uploads/2023/08/Current-Macroeconomic-and-Financial-Situation-Nepali-Based-on-Annual-data-of-2079.80-4.pdf

परराष्ट्र नीति, २०७७

राष्ट्रिय रोजगार नीति २०७१

सोहौं योजनाको अवधारणापत्र (२०८०), राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं ।

वैदेशिक रोजगार ऐन, २०६४ ।

वैदेशिक रोजगार नीति २०६८ ।

वैदेशिक रोजगार नियमावली, २०६४ ।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको लागि पुनःएकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७९ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वार्षिक प्रतिवेदन २०७९/८० । https://moless.gov.np/np/post/show/578

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (२०२२), *Nepal Labour Migration Report 2022*, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

सार्वजनिक नीति निर्माणको विषयवस्तु विधि र प्रक्रिया, नीति अनुसन्धान प्रतिष्ठान, नारायणहिटी, काठमाडौं ।

NHRC (2022). *Report on the Human Rights Situation of Migrant Workers*. National Human Rights Commission of Nepal, Hariharbhawan, Lalitpur.

NSO (2023). *National Population and Housing Census, 2021: National Report*. National Statistics Office, Thapathali, Kathmandu.

NSO (2024). *National Population and Housing Census 2021: Population Composition of Nepal.* National Statistics Office, Thapathali, Kathmandu. https://api.giwms.gov.np/storage/36/posts/1710821571_26.pdf

नीति निर्माणका क्रममा गरिएका परामर्शहरू :

१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सभाहलमा बहुपक्षीय सरोकारवालाहरूसँग राष्ट्रियस्तरको छलफल
२. राष्ट्रिय योजना आयोग
३. समृद्धि परियोजना, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
४. सक्सेस परियोजना (SUCCESS), अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र (इसिमोड)
५. समाजशास्त्र केन्द्रीय विभाग, त्रिभूवन विश्वविद्यालय
६. जनस्वास्थ्य विभाग, काठमाडौं विश्वविद्यालय
७. राष्ट्रिय मानव अधिकार आयोग
८. नेपाल वैदेशिक रोजगार व्यावसायी संघ
९. सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल
१०. दक्षिण एसियाली क्षेत्रीय ट्रेड युनियन परिषद्
११. सामाजिक न्यायका लागि नीति तथा कानुन मञ्च (ल्याप्सोज)
१२. आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा), त्रिभूवन विश्वविद्यालय
१३. नेपाली पूर्वराजदूतहरूको संघ (आफ्ना)
१४. नेपाली पूर्व क्यारियर राजदूतहरूको संघ (आप्कान)
१५. फरमर इन्टरनेसनल प्रोफ्रेसनल्स अफ मल्टिल्याटरल अर्गनाइजेसन्स
१६. कोशी प्रदेश (विराटनगर), मधेश प्रदेश (बर्दिबास), गण्डकी प्रदेश (पोखरा), लुम्बिनी प्रदेश (बुटवल), कर्णाली प्रदेश (सुर्खेत) र सुदूरपश्चिम प्रदेश (धनगढी) मा विभिन्न सरोकारवालाबीच प्रदेशस्तरीय छलफल
१७. गैरआवासीय नेपाली संघ